# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८२।०९।०२

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य छविलाल तिवारीलाई नेपाली कांग्रेस पर्वतका जिल्ला सभापति युवराज जोशीले फोनमार्फत भौतिक आक्रमण गर्ने धम्की दिएकोप्रति महासंघको ध्यानाकर्षण भएको छ ।

सारथी न्यूज अनलाइनमा २०८२ मंसिर २३ गते 'कांग्रेसमा गरिब निमुखा अवसरबाट बञ्चित' शीर्षकमा प्रकाशित समाचारलाई लिएर मंसिर २९ गते धम्की आएको जानकारी तिवारीले महासंघलाई गराएका छन् ।

प्रकाशित समाचारमा चित्त नबुझे प्रचलित विधि र कानुनसम्मत समाधान खोज्नु पर्नेमा पत्रकारलाई धम्क्याउनु अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रता विरोधी कार्य हो ।

यो घटनाको छानबिन गर्न र दोषीलाई कानुनी दायरामा ल्याउन महासंघ सम्बद्ध निकायसंग माग गर्दछ ।

रामप्रसाद दाहाल
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org